प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ । । अङ्क : २१३ ।। २०८२ भाद्र ३१ गते मंगलबार (16th Sep 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-


# न्यायिक जाँचबुझ आयोगदेखि शोक बिदाको निर्णय

झापा(प्रस) । जेनजी आन्दोलनको बलमा बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले विभिन्न निर्णय गरेको छ । सोमबार बसेको कार्की मन्त्रिपरिषद्को पहिलो बैठकले न्यायिक जाँचबुझ आयोग गठनदेखि शोक बिदासम्मको निर्णय गरेको हो ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार सरकारले आउँदो असोज १ गते बुधबार शोक बिदा दिने निर्णय भएको छ । यही भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूको सम्मानमा सरकारले शोक बिदा दिने निर्णय गरेको गृहमन्त्री अर्यालले बताए ।

उनका अनुसार सरकारले जेनजी आन्दोलनका क्रममा भएका हिंसा, हत्या, तोडफोड र आगजनीको घटनाको छानबिन गर्न न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णय समेत भएको छ ।

आन्दोलनका क्रममा भएको जनधनको क्षतिबारे छानबिन गर्न न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको हो । तर, उक्त आयोग कसको नेतृत्वमा बनाउने भन्नेबारे चाहिँ निर्णय भइसकेको छैन । यसबारे पछि निर्णय गरिनेछ ।

यसैगरी, सरकारले जेनजी स्मारक पार्क बनाउने निर्णय पनि गरेको छ । नेपालको सत्ता परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका जेनजीहरूको आन्दोलनको सम्मानमा स्मारक पार्क बनाउने निर्णय भएको गृहमन्त्री अर्यालले बताए ।



जेनजी स्मारक पार्क कहाँ बनाउने भन्ने स्थान पछि तय गरिने उनले बताए ।

यसैगरी, जेनजी आन्दोलनमा ज्यान गुमाएका व्यक्तिहरूलाई राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्ने र उनीहरूलाई सहिद घोषणा निर्णय समेत सरकारले गरेको छ । सरकारका अनुसार जेनजी आन्दोलनका क्रममा देशभरि ७२ जनाले ज्यान गुमाएका छन् भने २ हजार ३१६ जना घाइते भएका छन् । घाइतेहरूको निःशुल्क उपचार गर्ने र मृतकका परिवारलाई प्रतिपरिवार १५ लाख रूपैयाँ दिने निर्णय भएको मन्त्री अर्यालले जानकारी दिए । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जको फरेन्सिक विभागमा २८ जनाको शव परीक्षण (पोस्टमार्टम) सकिएको छ । अस्पतालमा जेन-जी आन्दोलनमा ज्यान गुमाएकाहरूको शव परीक्षण कार्य भइरहेको छ ।

हालसम्म ४६ शव परीक्षणका लागि अस्पताल ल्याइएको फरेन्सिक विभागका प्रमुख डा. गोपाल चौधरीले जानकारी दिए । उनका अनुसार २३ शव आफन्तले बुझेर लगिसकेका छन् भने ७ जनाको शव चिन्न नसकिने अवस्थामा रहेको छ । जसका लागि डीएनए परीक्षण आवश्यक हुन्छ । शव चिन्न नसक्ने अवस्थामा भने दाँत परीक्षण, फिङ्गरप्रिन्टबाट शव परीक्षण गरिन्छ ।

डा. चौधरीले भने, 'शव गोली लागेको, जलेको र ब्लड इन्जुरी भएका छन् । पोस्टमार्टमका लागि पत्र आएकाको शव परीक्षण गरिरहेका छौं ।'

यसैगरी, मन्त्रिपरिषद् बैठकले अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले निर्णयका लागि मन्त्रिपरिषद्मा पेस गरेका सबै प्रस्ताव लिने निर्णय गरेको छ ।

अघिल्लो मन्त्रिपरिषद्मा निर्णयका लागि पेस भएका सबै प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णय भएको गृहमन्त्री अर्यालले बैठकपछि जानकारी दिए ।

यही भदौ २३ र २४ गते भएको जेनजीहरूको प्रदर्शन उग्र बन्दै गएपछि ओलीले राजीनामा दिएका थिए । त्यसपछि गत शुक्रबार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी थिइन् । उनले सोमबार पहिलो चरणमा तीन मन्त्री थपेर मन्त्रिपरिषद् विस्तार गरेकी थिइन् ।

जसमा डा. रामेश्वर खनाल अर्थमन्त्री, कुलमान घिसिङ ऊर्जामन्त्री र ओमप्रकाश अर्याल गृहमन्त्री बनेका छन् । घिसिङलाई ऊर्जासँगै शहरी विकास र भौतिक पूर्वाधार एवं अर्याललाई गृहसहित कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद्मा छानीछानी राम्रा मान्छे ल्याउने बताएकी छन् ।

सोमबार उनी नेतृत्वको अन्तरिम सरकारको पहिलो मन्त्रिपरिषद् बैठकपछि पत्रकारले सोधेको प्रश्नमा उनले मन्त्रिपरिषद्को पूर्णताबारे हतार नगर्न भनेकी हुन् । 'किन आत्तिनुहुन्छ ? छानीछानी रोजीरोजी राम्रा मान्छे ल्याइहाल्छौं नि !', प्रधानमन्त्री कार्कीले संक्षिप्त जवाफ दिँदै भनिन् ।

# कारागारबाट भागेका थप तीन कैदी झापामा पक्राउ

झापा(प्रस) ।विभिन्न कारागारबाट भागेका कैदी बन्दीहरु धमाधम पक्राउ पर्ने क्रममा झापामा थप तीन जना कैदी पक्राउ परेका छन् । जेनजीको आन्दोलनका क्रममा भदौ २४ गते कास्की कारागारबाट भागेका दिनेश सोरेनलाई सोमवार दिउँसो कन्काई ६ मा स्थानीयले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका छन् ।

कर्तव्य ज्यान मुद्धामा झापा गाउँपालिका निवासी सोरेन कास्की कारागारमा कैद भुक्तान गरिरहेका थिए ।

त्यस्तै नेपालको कारागारबाट भागेर भारत पुगेका एक भारतीय नागरिकलाई भारतीय प्रहरीले पक्राउ गरेको छ ।

आइतवार बिहान ६ बजे भारत किशनगंजको सुखानीमा नेपालबाट भारततर्फ जाँदै गरेका भारत सितामनि हाजिपुर घर बताउने अन्दाजी बर्ष २३का नवलकिशोर नाम बताउने व्यक्तिलाई नेपालको कारागारबाट भागेको हुनसक्ने शंका लागेर भारतीय प्रहरीले नियन्त्रणमा लिएको हो । उनलाई इलाका प्रहरी कार्यालय केचनामा बुझाइएको छ । त्यस्तै झुम्का कारागारबाट भागेका अर्का कैदी झापामा पक्राउ परेका छन् ।

जेनजीको आन्दोलनका क्रममा भदौ २४ गते झुम्का कारागारबाट भागेका जबरजस्ती करणी मुद्धाका कैदी कन्काई नगरपालिका ४ वस्ने ४५ वर्षीय बलबहादुर राईलाई नियन्त्रणमा लिइएको हो । राईलाई आइतवार दिउँसो २:२० बजे उनका छोरा कविन राईले जिल्ला प्रहरी कार्यालय झापामा ल्याई बुझाएका थिए । यसअघि झुम्का कारागारबाट भागेका चारजना कैदी झापामा पक्राउ परेका थिए ।

उता झुम्का कारागारबाट फरार भएका भोजपुर टेम्केमैयुङ गाउँपालिका ९ बस्ने ६१ वर्षीय जयबहादुर राई आइतवार बिहान ११:५५ बजे भोजपुर नगरपालिका ६ मा पक्राउ परेका छन् ।

यसैबीच झुम्का कारागारबाट भागेर घर पुगेका एक कैदीले आफ्नै घाँटी रेटेर आत्महत्या गर्ने प्रयास गरेका छन् । झुम्का कारागारबाट भदौ २४ गते भागेका लागूऔषध मुद्दाका कैदी सुनसरी बराहक्षेत्र वडा नं.७ धिमाल चोक बस्ने २८ वर्षीय ईश्वर थापाले आइतवार राति ११:३० बजे दाउले आफ्नै घरमा आफैले घाँटी रेटेका हुन् । घाइतेलाई उपचारको लागि आफन्तले बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगेका छन् ।

झुम्का कारागारबाट भागेका एक हजार ५ सय ७५ जना कैदी बन्दीमध्ये १ हजार २ सय ९७ जना अझै फरार रहेका छन् ।

# गोपालको निधनले परिवारलाई मात्र होइन, देशलाई दुखेको छ

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा अर्जुनधारा– ११ लक्ष्मीधापका ८४ वर्षीय धनपति र ७६ वर्षीया गुनमाया सेढाईका आँखाबाट अझै आँशु बग्न रोकिएको छैन । देशभर प्रदर्शन भएको 'जेनेरेशन जेड' (जेनजी) नवपुस्ताको आन्दोलनमा ३९ वर्षीय छोरा ज्ञानेन्द्र सेढाई (गोपाल)को मृत्युसँगै सेढाई दम्पत्तिको बुढेसकालको सहारा गुमेको छ । उनको यो मृत्युको खबरले झापा र सेढाई परिवारलाई मात्र होइन, देशलाई दुखेको छ ।

सेढाई दम्पत्तिका पाँच सन्तानमध्ये गोपाल कान्छा सन्तान थिए । दुई छोरामध्ये जेठाको परिवार अहिले अमेरिका बस्ने गरेका छन् । तीन छोरीहरु आ-आफ्नै घरमा छन् । यसकारण बृद्ध–बुद्धा आमाबाबु हेर्ने दायित्व कान्छा छोरा गोपालको थाप्लोमा थियो । जेनजीका नवपुस्ताले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासनको मागसहित २३ भदौंबाट शुरु गरेको प्रदर्शनले झापा समेत चुप थिएन ।

यही प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर २४ भदौंमा झापाको विर्तामोडमा गोपालले वीरगति प्राप्त गरे । इलाका प्रहरी कार्यालय बिर्तामोडमा भएको झडपमा उनी घाइते भएका थिए । प्रहरीले चलाएको गोली उनको छातीमा लागेको थियो । दिउँसो ४ बजेतिर गोली लागेका सेढाई सडकमै ढलेका थिए । उपचारका लागि बीएण्डसी अस्पताल पुर्‍याउँदा उनको मृत्यु भइसकेको थियो । सेढाई जेनजी पुस्ताले गरेको आन्दोलनमा झापामा मृत्यु हुने पहिलो युवा हुन् । इलाका प्रहरी कार्यालय बिर्तामोड र बीएण्डसी लगभग दुई सय मिटरको दुरीमा रहेका छन् ।

गोपालको मृत्युले सेढाई दम्पत्तिले एउटा सन्तान र बुढेसकालको सहारामात्र गुमाएनन्, रगतको अभावमा अस्पतालको वेडमा छटपटाइरहेका सयौ विरामीहरुको एउटा रक्तदाता गुम्यो । समाजले एउटा अनुभवी, मिलनसार मृदुभाषी, सरल स्वभाव, धार्मिक तथा सामाजिक र असल समाजसेवी गुमायो । थुप्रै योग साधकहरुले असल र अनुभवी गुरु गुमाए । गोपाल नियमित रक्तदाता र एक असल सामाजिक अभियन्ता पनि थिए । नेपाल रेडक्रस सोसाइटी शाखा झापाका अध्यक्ष लोकराज ढकालले विर्तामोडमा आन्दोलनको क्रममा शहीद भएका गोपाल



नियमित रक्तदाता र एक असल सामाजिक अभियन्ता रहेको बताए ।

उनी योग सिकाउँथे, योग गुरु थिए । उनको निधनले गाउँ शोकमा डुब्यो । आज उनको सिङ्गो गाउँ नै शोकमग्न छ । अहिले उनका गाउँलेहरु भन्छन् - 'छोरा मारे, सहारा खोसे ।' अविवाहित छोरा गोपालको विवाहका लागि सेढाई परिवारले कुरा चलाउँदैं थियो । उनी पनि परिवारको आग्रहलाई स्वीकार गर्दै विवाहका लागि तयारी नै थिए । राम्रो बधुको खोजीमा थियो उनको परिवार । तर, प्रहरीको गोलीले गोपाल ढलेसँगै सेढाई दम्पत्तिको बुहारी भित्र्याउने र स-साना नाति नातिना खेलाउने इच्छा र रहर पनि अधुरै रह्यो । 'भाइको विवाहको कुरा चल्दैं थियो, उसले आफैले पनि केटी हेर्दै थियो' दिदी तुलसा सेढाईले भनिन्,–' तर,भनेजस्तो बधु भेटिएको थिएन ।' अब बृद्ध –बृद्धा आमा बाबुसहित सेढाई परिवारलाई असल बुहारी र खुसी दिने उनको सपना सँधैका लागि सपना नै रह्यो ।

२०४३ साल भदौं २८ गते तेह्रथुम जिल्लाको तत्कालीन ह्वाकु गाविस – ५ चिसापानीमा जन्मेका गोपाल सानैदेखि हक्की स्वभावका थिए । 'मेरो कान्छो भाइ सानैदेखि हक्की स्वभावका थिए' दिदी तुलसा सेढाईले भनिन्,–' कसैमाथि कसैले अन्याय अत्याचार गरेको उनलाई पटक्कै मन पर्दैन थियो, त्यसको विरुद्धमा ऊ बोली हाल्थ्यो, त्यसकारण पनि हरेक मान्छेका लागि भनेर कसैलाई न विझाउने ऊ आँखाको नानी थियो ।' २३ गते काठमाडौंमा भएको घटनाले भाइ निक्कै स्तब्ध बनेको उनले बताइन् । दिनभरि रुदैं मात्र थियो । आमाले धेरै सम्झाउनु भयो । तर, उनको मन मानेन । २४ गते विहान उनी नियमित योग कक्षा चलाउन गए । त्यसपछि फर्केर घर आएलगत्तै गाई दुहुने काम गरे । मोटरसाइकलमा चढाएर बाबुलाई उपचारका लागि शनिश्चरे लगे । दही चिउरा र केरा उनलाई मनपर्ने खाजा थियो । त्यो पनि खाए । त्यसपछि विहान ११ बजेतिर रक्तदान गर्ने भन्दै महानन्द चोकतर्फ लागे । 'नजा बाबु नजा भनेर आमाले धेरै सम्झाउनु भयो,'– दिदीले अबरुद्ध गलामा भनिन्–' आमा तपाईको छोरा मर्दैन, केही हुँदैन,


❖ बाँकी पृष्ठ ४ मा


# एमालेकालाई बढी,कांग्रेसकालाई मध्यम,राप्रपा र माओवादीकालाई कम क्षति

झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा झापाका ५१ जना नेताको घरमा आक्रमण हुँदा सबैभन्दा धेरै नेकपा एमालेका नेता कार्यकर्ताहरुले क्षति व्यहोर्नु परेको छ ।

त्यसपछि नेपाली कांग्रेसका नेता कार्यकर्ताको निजी सम्पत्तिमा क्षति भएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी र माओवादीका नेता कार्यकर्ताहरुले कम क्षति



व्यहोरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका पार्टीका नेता कार्यकर्ताहरुको केही पनि भएको छैन ।

जिल्लाका ५१ जना नेता कार्यकर्ताहरुको घरमा तोडफोड , आगजनी र लुटपाट हुँदा त्यसमा एमालेमा ३५ , कांग्रेसका १२ , राप्रपाका ३ र माओवादीका एकजना परेका छन् । एमालेमा क्षति व्यहोर्नेमा पार्टी अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी ओलीदेखि लिएर वडा अध्यक्षमा जितेका कार्यकर्तासम्म छन् । त्यस्तै कांग्रेसमा महामन्त्री विश्वप्रकाश शर्मादेखि लिएर वडा अध्यक्षमा जितेका कार्यकर्तासम्म परेका छन् ।

जेनजी आन्दोलनका क्रममा घर र सवारी साधन तोडफोड तथा आगजनीमा परी क्षति व्यहोर्ने एमालेका नेता कार्यकर्ता निकै छन् । दमकमा एमाले अध्यक्ष केपी शर्मा ओली, निवर्तमान भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहाल, एमाले केन्द्रीय सदस्य तथा झापा इन्चार्ज रोमनाथ ओली ,केन्द्रीय सदस्य गोविन्द थापा, प्रदेशसभा सदस्य होमबहादुर थापा, दमक वडा नं. १ का वडाध्यक्ष हरिप्रसाद न्यौपाने, दमक ३ नं. वडाध्यक्ष नविन बराल, एमाले केन्द्रीय सदस्य रबिन कोइराला, केन्द्रीय सदस्य एवम् मेचीनगर उपमेयर मिना उप्रेती, केन्द्रीय सल्लाहकार सदस्य बिष्णु प्रसाई, मेचीनगर मेयर गोपालचन्द्र बुढाथोकी, प्रदेश सदस्य श्रीप्रसाद मैनाली, मेचीनगर वडा नं. १२ का वडाध्यक्ष मधु निरौला, गौरादहमा एमाले स्थाई कमिटी सदस्य तथा मुख्यमन्त्री हिक्मतकुमार कार्की , केन्द्रीय सदस्य दिपक कार्की, गौरादहका मेयर छत्रपति सुवेदी , उपमेयर जलवर्षा राजवंशी ,गौरादह वडा नं. ३ का वडाध्यक्ष दिलीप भण्डारी, वडा नं. ७ का वडाध्यक्ष बलराम खरेल , कन्काई मेयर राजेन्द्र पोखेल, कन्काई वडा नं. ३ का वडाध्यक्ष युवराज चौलागाई, वडा नं. ७ का वडाध्यक्ष भिष्मभुषण सिटौला, एमाले जिल्ला


❖ बाँकी पृष्ठ ४ मा


# पालिकाहरुमा ५ दिनभित्रमा मुचुल्का तयार गरिने

झापा(प्रस)। तोडफोड र आगजनी भएका झापाका पालिकाहरुमा प्रहरी प्रशासनको संलग्नतामा ५ दिनभित्रमा मुचुल्का तयार गरिसक्ने निर्णय भएको छ ।

जिल्ला समन्वय समितिको समन्वयमा जिल्लाका पालिका प्रमुख र उपप्रमुखहरुको बैठकले सो निर्णय गरेको हो । बैठकले शान्ति सुरक्षाको प्रत्याभूति हुँदै जाने क्रममा पालिकाहरुले दिने सेवा पुनः सुचारु गर्दै जाने र
सेवा सुचारु गर्न सकिने पालिकाहरुमा घट्नाको मुचुल्का तयारपश्चात् पालिका सञ्चालन गरिने निर्णयसमेत गरेको छ ।

त्यस्तै झापा जिल्लाभित्र रहेका सार्वजनिक , निजी र संस्थागत सम्पत्तिको आगजनी र तोडफोड सम्बन्धमा प्रशासनसँग उपलब्ध भएका तथ्य प्रमाणका आधारमा यथाशिघ्र कारबाही अगाडी बढाउन माग गरेको छ ।

आगजनी र तोडफोडमा संलग्न व्यक्तिहरुको फोटो र भिडियो आधिकारिक रुपमा यथाशिघ्र प्रशासनलाई उपलब्ध गराउने र सार्वजनिक तथा निजी सम्पत्तिमा जुनसुकै बहानामा आगजनी , तोडफोड र लुटपाट गर्ने ,भड्काउने प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न हुने र सहयोग गर्ने व्यक्तिहरुलाई कानुनको दायराभित्र ल्याउन जोडदार माग गर्ने निर्णय गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख विश्वनाथ बरालको अध्यक्षतामा भएको बैठकमा जिल्लाका सबै पालिकाका प्रमुख र उपप्रमुखहरुको उपस्थिति रहेको थियो ।

झापामा विभिन्न सरकारी कार्यालयहरु, प्रहरी कार्यालयहरु, जिल्लाका १५ पालिकामध्ये हल्दिवारी र शिवसताक्षीबाहेक १३ वटै स्थानीय तहका कार्यालय, जिल्लाका दर्जनौ वडा कार्यालयहरुमा आगजनी, तोडफोड र लुटपाट भएको छ ।

# जेन-जी आन्दोलनपछि पूर्व मन्त्रीहरूको विचल्ली

झापा(प्रस) । जेन-जी आन्दोलनका क्रममा भागेर ज्यान जोगाउन सफल भएका तत्कालीन मन्त्रिपरिषद्का सदस्यहरूको विजोग भएको छ।

जेन-जी युवाहरूको निशानामा परेका उनीहरूका निजी घर तथा डेरामासमेत आगजनी र तोडफोड भएपछि उनीहरू विचल्लीमा परेका हुन्।

२३ भदौमा सुरु भएको जेन-जी आन्दोलन २४ गते उत्कर्षमा पुगेपछि तत्कालीन मन्त्रीहरूलाई भैँसेपाटीस्थित सरकारी क्वाटरबाट सेनाले हेलिकप्टरमार्फत उद्धार गरेर सुरक्षा प्रदान गरेको थियो। अन्तरिम सरकार गठनसँगै परिस्थिति सामान्य बन्दै गएपछि बाहिर आएका उनीहरू अहिले आफन्त तथा शुभेच्छुककहाँ बस्दै आएका छन्।

केपी शर्मा ओली नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्मा कांग्रेसबाट १०, एमालेबाट (प्रधानमन्त्रीसहित) ९, जसपाबाट २ तथा लोसपाबाट एक मन्त्री थिए। जेन-जी आन्दोलनका क्रममा उनीहरू अधिकांशको निजी घरमा तोडफोड तथा आगजनी भएको थियो।

डेरामा बस्दै आएकाहरू मन्त्री बनेपछि सरकारी क्वाटरमा सरेका थिए तर अहिले घर हुनेको पुनर्निर्माण तथा मर्मतसंभार गर्नुपर्ने र घर नहुनेहरूले पनि तत्काल डेरा नपाएपछि आफन्त कहाँ बस्दै आएको बताउँछन्।

तत्कालीन एक मन्त्री कहाँ बस्ने र के खाने कुनै ठेगान नभएको बताउँछन्। उनले भने, 'घरबासको ठेगान छैन। कहाँ बस्ने ? के खाने टुंगो नभइरहेको अवस्था छ।'

यसैगरी अर्का एक मन्त्रीले भने कुनै प्रतिक्रिया दिन चाहेनन्। 'भर्खर हामी (सेनाको सुरक्षाबाट) बाहिर निस्केका छौँ। अहिलेलाई थप केही नभनौँ।'

तत्कालीन सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले भने आफू अहिले साथीभाइसँग मिलेर बसिरहेको बताइन्। मन्त्री भएपछि डेरा छाडेर सरकारी क्वाटरमा सरेकी उनले अवस्था थप सामान्य भएपछि डेरा खोज्ने बताउँछिन्।



'मेरो त निजी निवास (घर) थिएन। म डेरा गरेर बसेको मान्छे। मन्त्री भएपछि क्वाटरमा बस्दै आएकी थिएँ तर त्यो घटनापछि चाहिँ म अहिले साथीभाइहरूसँग मिलेर बसिराख्या छु', उनले भनिन्, 'अब अझ थप सहज वातावरण भएपछि फेरि डेरा खोजेर बस्ने।'

अर्का निवर्तमान मन्त्री तेजुलाल चौधरीले समग्र देशको र व्यक्तिको सम्पत्तिमाथि भएको तोडफोड र आगजनीप्रति आक्रोश पोखे। उनले यी घटनाहरूमाथि निष्पक्ष छानबिन हुनैपर्ने मत राखे। चौधरीको निजी दुईवटा गाडी आन्दोलनकारीले जलाएका थिए।

'सार्वजनिक तथा मानिसको निजी सम्पत्तिमाथि जसरी आक्रमण भयो, यो निक्कै आपत्तिजनक र गम्भीर विषय हो। यसमा निष्पक्ष छानबिन हुनैपर्छ', उनले थपे, 'मेरो निजी दुईवटा गाडी जनाइएको छ। मेरो मिसेस चढ्ने र मेरो ज्वाइँको गाडी क्वाटरमै थियो। क्वाटरमा केही पनि उठाउन पाइनँ। धेरै अरु सामानरू पनि थिए। ती सबै जले।' चौधरीले पनि आफू साथीकहाँ बसिरहेको बताए।

यसैगरी तत्कालीन ओली क्याबिनेटका स्वास्थ्यमन्त्री प्रदीप पौडेल आइतवार मात्रै निजी निवासमा सरेका छन्। आगजनी नभए पनि उनको बानियाँटारस्थित घरमा तोडफोड भएको थियो।

'घर पूर्णरुपमा तोडफोड भएको छ। सामानहरू पनि ड्यामेज भएको छ', उनले भने, 'मर्मतसंभारपछि हिजोदेखि बल्ल घर सरेँ।' पौडेलले पनि त्यसअघि शुभेच्छुकहरूसँगै बस्दै आएको बताए। अन्य मन्त्रीहरू सुरक्षा चुनौती बढेपछि सेनाको ब्यारेक गए पनि उनी बाहिरै थिए।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली भने अझै सेनाकै सुरक्षामा छन्। उनी नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्का सदस्य सबै जसोको घरमा तोडफोड र आगजनी भएको थियो।

पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी तत्कालीन परराष्ट्रमन्त्री आरजु राणाको बूढानीलकण्ठस्थित घरमा आन्दोलनकारीले तोडफोड तथा आगजनी गरेका थिए। देउवा दम्पत्तिमाथि हातपातसमेत भएको थियो। सेनाले उद्धार गरेर हस्पिटल पुऱ्याएका उनीहरू उपचाररत छन्। तत्कालीन प्रधानमन्त्री ओलीको बालकोट निवास पनि खण्डहर बन्यो भने उपप्रधानमन्त्री प्रकाशमान सिंहको चाक्सिबारीको घरमा पनि आन्दोलनकारीले आगजनी गरे।

ललितपुर भैँसेपाटीमा रहेको अर्का उपप्रधानमन्त्री विष्णु पौडेलको घरमा पनि तोडफोड भयो भने २३ गते नै गृहमन्त्रीबाट राजीनामा दिएका रमेश लेखकको नैकापस्थित घरमा पनि तोडफोड र आगजनी भयो। यसैगरी ललितपुर सुनाकोठीमा रहेको तत्कालीन सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ, अन्य तत्कालीन मन्त्रीहरू अजयकुमार चौरसिया, प्रदीप यादव, शरदसिंह भण्डारीको घरमा पनि क्षति तोडफोड तथा आगजनी गरिए। आन्दोलनकारीले काठमाडौँ उपत्यकाबाहेक बाहिरका विभिन्न जिल्लामा रहेका उनीहरूका घरमासमेत तोडफोड र आगजनी गरेका छन्।

# आकस्मिक खरिद प्रक्रियामार्फत पुनर्निर्माण गर्ने तयारी



झापा(प्रस) । जेनजी आन्दोलनका नाममा आगजनी र तोडफोड गरेर क्षतिग्रस्त बनाइएका मोरङका सरकारी कार्यालयहरुको पुनर्निर्माण अघि बढाउने तयारी थालिएको छ। भदौ २४ गतेको घटनाका कारण सरकारी संरचनामा व्यापक क्षति भएपछि तत्काल पुनर्निर्माणका लागि आकस्मिक खरिद प्रक्रिया अघि बढाउने तयारी भएको हो।

जिल्ला विपद् व्यवस्थापन समितिको सोमबार बसेको बैठकले विशेष परि स्थिति उत्पन्न भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अन्तर्गतको कानुनी प्रावधान प्रयोग गरेर पुनर्निर्माणको काम सुरु गर्ने निर्णय लिएको हो।

मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि आवश्यक सामग्रीको सूची तयार गरेर आकस्मिक खरिदमार्फत खरिद प्रक्रिया अघि बढाइनेछ र त्यसको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिइने छ। आन्दोलनका क्रममा सरकारी सम्पत्तिमा ठूलो क्षति पुगेकाले तत्काल सेवा प्रवाह सहज बनाउन यो कदम चालिएको उनले बताए।

बैठकले विगतमा सम्झौतामार्फत अघि बढाइएका आयोजना तथा कार्यक्रमलाई ढिलाइ नगरी सुचारु गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय पनि गरेको छ। त्यस्तै, आन्दोलनकै क्रममा क्षति पुगेका वारुण यन्त्र (दमकल) तत्काल मर्मत गरेर पुनः सञ्चालनमा ल्याउने निर्णय पनि भएको छ। प्रजिअ यादवका अनुसार दमकल प्रयोगमा अवरोध भए स्थानीय सुरक्षामा थप जोखिम हुने भएकाले यसलाई अति प्राथमिकतामा राखिएको हो।

जिल्लामा आन्दोलनबाट भएको क्षतिको यथार्थ विवरण संकलनका लागि मुचुल्का उठाउने काम सुरु भइसकेको प्रजिअ यादवले जानकारी दिए। पूर्ण विवरण संकलनपछि क्षतिको विवरण क्षति मूल्यांकन समितिमा पेस गरिने छ। बैठकले विपदको समयमा कालोबजारी र मूल्यवृद्धि बढ्ने सम्भावना रहेको भन्दै आपूर्ति व्यवस्थापनलाई व्यवस्थित गर्न प्रत्येक पालिकामा नियमित अनुगमन गर्ने निर्णय गरेको छ। यसले सर्वसाधारणलाई अत्यावश्यक वस्तु सहजै उपलब्ध हुने र कृत्रिम अभाव सिर्जना हुन नदिने विश्वास गरिएको छ।

आन्दोलनले सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुऱ्याए पनि आकस्मिक खरिद प्रक्रियाबाट चाँडै पुनर्निर्माण सुरु गरेर प्रभावित सरकारी कार्यालयबाट सेवा सञ्चालनमा ल्याउने अपेक्षा गरिएको छ। प्रजिअ यादवले सरकारी कार्यालयमा पुगेको क्षतिको मुचुल्का उठाउने काम भइरहेको जानकारी दिए।

# काममा फर्किंदै प्रहरी

झापा(प्रस) । जेनजी आन्दोलनले थिलथिलो नेपाल अहिले शान्त देखिएको छ। उपत्यकालगायत देशका मुख्य शहरहरूमा सवारी चलेका छन्। सडक कमान्ड सम्हालेको नेपाली सेना ब्यारेक फर्केको छ भने शान्ति सुरक्षाको कमान्ड नेपाल प्रहरी र सशस्त्र प्रहरीको हातमा आइसकेको छ।

ध्वस्त भएका प्रहरी चौकीहरू स्थानीयको सक्रियतामा मर्मत कार्य भइरहेका समाचारहरू आइरहेका छन्। तर यतिले मात्र यहाँ सबथोक ठीकठाक चलेको छ भन्न सक्ने अवस्था छैन। कथा यतिमै सीमित पनि छैन।

घाइते बिरामीहरू अस्पतालमा छन्। देशको प्रशासनिक क्षेत्रलाई खरानी बनाइएको छ र धुलोपिठो पारिएको छ प्रहरीको आत्मसम्मान र मनोबल। सडकमा देखिएका प्रहरीको अनुहारमा खुसी फर्किन सकेको छैन। दुई दिनको आन्दोलनमा प्रहरीको खुसी हराएको छ। त्यो खुसी फर्कन कति समय लाग्ने हो थाहा छैन।

चिया पसलदेखि चौतारासम्म प्रहरीमाथि भएको हिंसामा र उनीहरूको मानसिक स्वास्थ्यलाई लिएर अनेक टीकाटिप्पणी सुरू भएको छ।

पहिलो दिन माइतीघरबाट सुरू भएको आन्दोलन संसद् भवनमा पुग्यो। बानेश्वर क्षेत्र रणभूमि बन्यो। कयौँ जेनजी आन्दोलनका युवाहरू मारिए। दोस्रो दिन भने अघिल्लो दिनको आक्रोशले भरिएका आन्दोलनकारीहरूले प्रहरीमाथि बर्बर आक्रमण गरे। उनीहरूलाई निरीह बनाए।

प्रहरी नै पछाडि हटेपछि आन्दोलनकारीले देशका प्रशासनिक क्षेत्र, व्यक्तिगत सम्पत्ति, मन्त्री तथा नेताको घरमा तोडफोड गर्दै आगो झोस्न थाले। उपत्यकालगायत देशभरका प्रहरी चौकी र बीटहरूमा आन्दोलनकारीहरूले आगजनी गरे। प्रहरीको बर्दीको मजाक बनाए। तीन जना प्रहरी मारिए।

महाराजगञ्जमा डिएसपी भन्दै प्रहरी जवान उत्तम थापालाई आन्दोलनकारीले वीभत्स तरिकाले हत्या गरिदिए। त्यस्तै महाराजगञ्ज प्रहरी वृत्तमा कार्यरत प्रहरी सहायक निरीक्षक मनिष राई र कोटेश्वरका प्रहरी जवान अमृत गुरुङको पनि मृत्यु भयो।

प्रहरीलाई लखेटेर आन्दोलनकारीहरूले बागमतीमा बगाए। बागमतीमा बगेका प्रहरीलाई खोलाका दुवै किनारबाट ढुंगा हानिए। विक्षिप्त मानसिकतामा रहेका प्रहरीले आत्मसमर्पण गरे। भिडियो सेयर गर्दै एक व्यक्तिले रवाफिलो पारामा सामाजिक सञ्जालमा भनेका छन्, 'हेर्नुस् साथीहरू,काठमाडौंको प्रहरीहरू सरेण्डर गरेर घर फर्किएको छ। हामीले जितेका छौँ।'

प्रहरीहरू ज्यान जोगाएर घर जाँदा स्वयं उनको सुरक्षा कसले गर्छ भन्ने कुराको ज्ञान ती व्यक्तिले राखेनन्। निरन्तर प्रहरीमाथि आक्रमण गरेका आन्दोलनकारीहरूमाथि एक प्रहरीले भनेका छन्, ' हामी चाहिँ कहाँको हो? हामी पनि तपाईं जस्तै होइन? हाम्रो शरीर फलामको हो?'

हरेक चौकीमा गएर आन्दोलनकारीहरूले प्रहरीको बर्दी जलाएका छन्। कतिपयले बर्दी लगाएर सडकमा नांगो नाच देखाएका छन्। एक प्रहरी उक्त भिडियो सामाजिक सञ्जालमा सेयर गर्दै लेख्छन्, 'जसरी नेपाल प्रहरी र बर्दीको मजाक उडायौ। अब त्यही प्रहरीलाई सम्झेर रुने दिन आउँछ। यो बर्दीको श्राप त तिमीहरूलाई पक्कै लाग्नेछ।'

सामान्य नागरिकबाट प्रहरीको पोशाक लगाएर सेवामा आउने काम सहज छैन। करिब ९ महिनाको कडा कठिन मिहिनेतपछि प्रहरीको सिन्दुर लगाउन पाउँछन्। बर्दी लगाउन पाउँछन्। राज्यले प्रहरी जवान बनाउन चार लाख रूपैयाँ खर्च गर्छ। यस्तै प्रहरी निरीक्षक बन्न १३ लाख र प्रहरी सहायक निरीक्षक बन्न राज्यले ८ लाख खर्च गर्ने गर्दछ। तर, प्रहरीबाट लुटेर बर्दी लगाउनु पनि अपराध मानिने नेपाल प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका प्रमुख आइजीपी चन्द्रकुबेर खापुङले नेपाल प्रहरीलाई हतोत्साहित नभईकन काममा फर्कन अपिल गरेका छन्। एक भिडियोमार्फत उनले नेपाल प्रहरीले देखाएको हिम्मतले आफू द्रवित भएको भन्दै आफ्नो मनोबल उच्च राख्न आव्हान गरेका छन्।

तर यतिबेला प्रहरीसँग न बर्दी छ, न हतियार नै। भएका गाडी पनि जलाइएका छन्। गाँसबास त परको कुरा हतियार, बर्दी र सवारीसाधनबिना प्रहरीले कसरी नागरिकको सेवा गर्न सक्ला भन्नै चुनौती यतिबेला छ।

पदबहाली गर्ने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले देशभरिका सुरक्षाकर्मीलाई दिएका सवारीहरू सबै जसो जलेकाले अब नयाँ किनेर दिनुपर्ने अवस्था रहेको बताएकी छिन्।

चेन अफ कमान्डमा चल्ने प्रहरीमाथि आन्दोलनकारीहरूले प्रहरीमाथि गरेको ज्यादतीलाई लिएर एक प्रहरीले भनेका छन्, 'अब हामी विदेसिनुको कुनै विकल्प छैन। जति सुरक्षा गरे पनि न सरकारले हेर्छ। न जनताले हेर्छ। यस्तै रहेछ कर्म।'

प्रहरीलाई लखेटेर कुट्नु, हतियार लुटिनु, हतियार तेर्स्याएर बर्दी उतार्न लगाउनु र सडकमा मार्च गराउनु प्रहरीमाथिको ज्यादती हो। यो पीडाबाट विक्षिप्त भएका एक प्रहरी जवानले आमालाई सम्बोधन गर्दै भिडियोमार्फत भनेका छन्, 'मेरो हालखबर नसोध्नु है आमा। किन कि म प्रहरी हुँ।'

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले उक्त आन्दोलनमा देशभरबाट करिब १ हजार ५ सय घाइते प्रहरीहरू उपचारपछि काममा फर्किसकेको बताए। उनले भने, 'क्षतिको तथ्यांकहरू आउने क्रममै छ। अझै पनि ४० जना प्रहरी अस्पतालमा उपचाररत हुनुहुन्छ।'

प्रहरी नै बेसहारा बनेपछि भदौ २३ गते बेलुकापछि देशमा शान्तिसुरक्षामा गम्भीर चुनौती थपिएको थियो। नेपाल आर्मी सडकमा आए पनि रातको समयमा शहरमा आम नागरिकहरू त्रासमा बसे। हतियार देखाएर लुटपाट भए। आम नागरिकहरूले आफ्नो जिउज्यानको सुरक्षा कसरी गर्ने भन्ने चिन्तामा रहे।

एक नागरिकले सामाजिक सञ्जालमा लेखेका छन्।' प्रहरीमाथि ढुंगामुढा गरेका छन्। भोलि यहीँ नेपाल प्रहरीमा शिर झुकाएर आफ्नो छोरी चेलीको न्यायको लागि भीख माग्नुपर्छ। यो कुरा कसले बुझ्छ?

हुल दंगा हुँदा प्रहरी फ्रन्टलाइनमा उभिँदा नेपाल प्रहरीको मद्दतका लागि सशस्त्र प्रहरी रहने गर्छ। यता सशस्त्रतर्फ भने आन्दोलनमा २ सय ५५ भन्दा बढी घाइते भएका थिए। उनीहरू काममा फर्किसकेका छन्। सशस्त्र प्रहरी बलका सूचना अधिकारी एवं डिएसपी शैलेन्द्र थापाका अनुसार दुई जनाको भने अहिले पनि उपचार भइरहेको छ। उनले भने, 'भौतिक संरचनामा भने कुनै आक्रमण भएको छैन।'

हरेक आन्दोलनमा प्रहरी केन्द्रित आक्रमण निन्दनीय रहेको नेपाल प्रहरीका पूर्वडीआइजी केशव अधिकारी सुनाउँछन्। प्रहरी बस्ने आवास, लगाउने बर्दीको दुरूपयोग, हतियार लुटपाट र जिउँदै जलाउने कुरा एकदमै आपराधिक मानसिकता हो। यो किसिमको अपराध गर्नेलाई कारबाही गर्नुपर्ने उनले बताए।

'जेनजी आन्दोलनमा मात्र नभएर यसअगाडि पनि हरेक पटक आन्दोलनका नाममा प्रहरीको मनोबल गिराउने काम भइरहेको छ', उनले भने, 'शान्ति सुरक्षा वा हुलदंगा नियन्त्रण गर्ने प्रहरीलाई सधैँ आक्रमण गर्नु गम्भीर विषय रहेको छ।'

प्रहरी राज्यको हो। निर्देशन मान्नु प्रहरीको कर्तव्य हो। तर प्रहरीलाई व्यक्तिगत दुश्मन जस्तो गरेर आक्रमण गर्दा समाज सुरक्षित हुन नसक्ने अधिकारीको बुझाई छ।

'प्रहरीको राम्रो आवास छैन। शौचालय छैन। त्यसमाथि भएका भवनहरू ध्वस्त भएका छन्। एउटा प्रहरीले कसरी काम गर्ला?', उनले भने, 'यो मनोबल फर्किन प्रहरीलाई वर्षौं लाग्छ।' अहिले भवन निर्माण गर्न सामाजिक रूपमा युवाहरू एकजुट भइरहेका छन्। यो महत्वपूर्ण कुरा रहेको उनले बताए। 'भवन निर्माण होला। मनोबल बढाउन के गर्नुपर्छ?', यसतर्फ पनि सोच्नुपर्छ।

प्रहरीको मनोबल बढाउन सबैभन्दा पहिले आम नागरिकहरू एकजुट हुनुपर्ने अधिकारीको बुझाई छ। 'सरकार भर्खर बन्दैछ। तत्काल नागरिकहरूले प्रहरीहरूसँग हातेमालो गर्नुपर्छ। उनीहरूको दुःख सुखमा हात अगाडि बढाउनुपर्छ', उनले भने ।

## गोपालको...

मर्दा पनि हाँसी हाँसी मर्छ भन्दैं अघि बढे । ऊ आमा बुवाको प्राण थियो, ढुकढुकी थियो, साँच्चै भन्नुपर्दा आमाबाबुको श्वास नै थियो ।' कसैका लागि रक्तदान गर्न भन्दै हिडेका गोपाल आज कहिल्यै नफर्किने गरी अस्ताए । गोपाल सँधै भन्थे 'आमा अन्याय र अत्याचारका विरुद्ध मर्नुपरे हाँस्दै हाँस्दै मरौला ।' आज सेढाई परिवारको ढल्यो घरको खम्बा, अस्तायो बुढेसकालको सहारा । छोराको निधनले विक्षिप्त भएका सेढाई दम्पत्तिसँग जेठा छोरा र अन्य छोरीहरुसहित बाँकी परिवारको मुख हेरेर चित्त बुझाउनुको अर्को विकल्प छैन । दुःख गरेर पढाएको छोरो गोली लागेर ढल्दा अहिले सेढाई परिवारमा सम्हालिन कठिन भएको छ । २४ गते अमेरिकामा रहेका दाजु भाउजुलाई सामान पठाउने तयारीमा पनि थिए उनी । विहान ११ बजेर ४ मिनेटमा दिदी भाइको कुरा भएको थियो । सामान हाल्न जाने कुरा भएको दिदीले बताइन् । कमर्समा मास्टर्स गरेका उनले डेढ विगाह जमिनमा विभिन्न विरुवाको नर्सरी लगाएर व्यवसायिक कृषि कर्म गरेका थिए । सुपारी, मरिजलगायतको खेती गर्दै थिए । पढाइमा सानैदेखि जेहेन्दार गोपाल पढाइका अलावा अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै रुचि राख्थे । अहिले उनको निधनले सिङ्गो गाउँ शोकमा छ ।

## एमालेकालाई...

सचिवालय सदस्य रबिन्द्र लम्साल, मेयर राजेन्द्र पोखरेलका भाइ दिनेश पोखरेल , एमाले बिर्तामोड अध्यक्ष सुवास भट्टराई, पूर्व मेयर ध्रुव शिवाकोटी, प्रदेश मन्त्री एकराज कार्की, मेयर पवित्रा महतारा प्रसाई, उपमेयर नगेन्द्रप्रसाद संग्रौला, एमाले नेता कालीचरण बस्नेत, एमाले अध्यक्ष ओलीका भाइ जयप्रसाद ओली , शिवसताक्षीमा संघीय सांसद एल पी साँवा लिम्बू, प्रदेशसभा सदस्य राधाकृष्ण खनाल , बुद्धशान्तिमा प्रदेशसभा सदस्य चिन्तन पाठक, बुद्धशान्ति उपाध्यक्ष भवानी खतिवडालगायतको घरमा आक्रमण भएको हो ।

त्यस्तै नेपाली कांग्रेसका यी नेता कार्यकर्ताहरु निशानामा परेका छन् । दमकमा उपमेयर रेगिना प्रसाई, मेचीनगरमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, कोशी प्रदेश सभा सदस्य गोपाल तामाङ, जिल्ला उपसभापति केशवराज पाण्डे , गौरादह २ का वडाध्यक्ष गोपाल कोइराला, कन्काईमा कांग्रेसका जिल्ला सभापति देउकुमार थेवे, कन्काई उपमेयर आशा शर्मा शिवाकोटी, जिल्ला सदस्य लिला चिमरिया, पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला ,भद्रपुर मेयर गणेश पोखरेल, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाई , गौरीगञ्ज गाउँपालिका अध्यक्ष फुलवती राजवंशीलगायतको घरमा तोडफोड र आगजनी भएको हो । सरकारमा रहेका एमाले र कांग्रेसका नेताहरुलाई आन्दोलनमा लक्षित गरिएको थियो । विपक्षी राप्रपा र माओवादीका केही नेता त्यस घानमा परेका हुन् ।

राप्रपाका तर्फबाट दमक नगरपालिका मेयर राम थापा,भद्रपुर उपमेयर राधा कार्की र प्रदेश सांसद सविना बजगाईको घरमा तोडफोड र आगजनी भएको छ भने माओवादीका रेवतराज पुरी गगनको घरमा तोडफोड र आगजनी भएको पाइएको छ ।

जेनजीको आन्दोलनमा रास्वपा,माओवादी र राप्रपाका कार्यकर्ताहरुले घुसपैठ गरी एमाले र कांग्रेसमाथि धावा बोलेको आरोप लागेको छ । तर, झापामा भएका आन्दोलनलाई हेर्ने हो भने त्यसमा एमाले र कांग्रेसका कार्यकर्ताहरु पनि सहभागी भएका थिए ।


## मोटरसाइकल हराएको सूचना

**यही मिति २०८२ भदौ २४ गतेका दिन झापा बिर्तामोड-५ बाट प्र १-०२-०५२प९९७२ नम्बरको कालो रातो बजाज पल्सर सिंगल डिस्क १५० सिसिको इन्जिन नं.DHYPPD५०६१४ र चेसिस नं.MD२A९१CX२P१D२९४९१ भएको मोटरसाइकल हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।**

सम्पर्क व्यक्ति
सुन्दर श्रेष्ठ-९८४२१९४६७३




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निष्पक्ष छानविन होस्

जेनजी आन्दोलनको मर्म बिर्सन हुँदैन । समाज र सरकारमात्र होइन आन्दोलनकारी पनि आआफ्नो सुखेधन्दामा लाग्ने र शासन पुरानै चरित्र र बाटाबाट अगाडि बढ्ने हो भने दुर्भाग्य हुनेछ । अनि केही वर्षपछि फेरि यस्तै विप्लव, वितण्डा र विध्वंस दोहोरिनेछ ।

यस दुश्चक्रबाट देशलाई मुक्त गर्न चाहने हो भने अहिलेको सरकारले मौका पाएको छ । यसअधिको सरकार र नेताहरूप्रति जनमानस किन क्रुद्ध भयो भन्ने राम्ररी बुझेर शासकहरूले आफ्नोमात्र होइन मातहतको पनि आचरण शुद्ध राख्न सक्नुपर्छ । सार्वजनिक सेवा लिन पुगेका नागरिकले फेरि आलटाल र ढिलासुस्ती भोग्न वा घुस दिन परेका खण्डमा परिवर्तन कम्तीमा त्यस नागरिकका लागि निरर्थक हुनेछ ।

यस्तै, आन्दोलनका नाममा भए गरिएका दमन र अपराधमा उन्मुक्ति दिइयो भने राज्यमा दण्डहीनता पनि कायमै रहनेछ । यसपटक अपराधीले उन्मुक्ति पाए अर्कोपटक यस्तै अपराध दोहोरिँदा पनि दण्ड दिने नैतिक अधिकार राज्यले गुमाउँछ । नेपाली समाजलाई दण्डहीनताको दुश्चक्रबाट मुक्त नगर्दासम्म लोकतन्त्र सही अर्थमा संस्थागत हुने छैन ।

पहिलो जनआन्दोलनपछि न्यायाधीश जनार्दन मल्लिकको अध्यक्षतामा गठित न्यायिक छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन गरिएको भए सायद २०६/र६३ पनि न्यायाधीश कृष्णजङ्ग रायमाझीको नेतृत्वमा छानबिन आयोग गठन गर्नुपर्ने अवस्था नै हुने थिएन । अपराध गरेपछि सजाय भोग्नुपर्छ भन्ने स्थापित भएमा धेरै कुकर्ममा प्रवृत्त हुन हिचकिचाउने थिए ।

अहिले पनि निहत्था युवा प्रदर्शनकारीमाथि अन्धाधुन्ध गोली प्रहार भएको छ भने आन्दोलनका नाममा राष्ट्रिय सम्पतिमा आगजनी, लुटपाट तथा तोडफोड गरिएको छ । उद्यमी व्यवसायीलगायत धेरै राजनीतिक व्यक्तिहरूको सम्पत्ति पनि तोडफोड, लुटपाट र आगजनी भएको देखिन्छ । यी सबै क्रियाकलाप प्राकृतिक न्यायका दृष्टिबाट पनि दण्डनीय अपराध भएकाले तिनमा संलग्न हुने सबै अपराधी हुन् ।

संयोगले यसपटक दण्डहीनताको दुश्चक्र तोडिने आशा र सम्भावना दुवै बढाएको छ । प्रधानमन्त्री सुशीला कार्की कानुन व्यवसायी हुँदै सर्वोच्च अदालतको प्रधान न्यायाधीश भइसकेकी विधिवेत्ता हुन् । शान्ति सुव्यवस्था कायम राख्ने मुख्य जिम्मेवारी भएको गृह मन्त्रालयमा पनि अभ्यासरत कानुन व्यवसायी नै नियुक्त भएका छन् । न्याय चरितार्थ हुन दण्डहीनताको अन्त्य हुनैपर्छ भन्ने यथार्थ यिनीहरूले नै आत्मसात नगरे कसले गर्ने ?

दमन र विध्वंसको उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनमा विलम्ब गर्न नहुने मूल कारण प्रमाण नष्ट हुने जोखिम हो । यस्तै ढिलो भएमा अपराधीहरू भाग्ने जोखिम पनि हुन्छ । अहिले अधिकांश घटनाका प्रमाण अपराधीहरू आफैँले वा अरू प्रयोगकर्ताले सामाजिक सञ्जालमा प्रस्तुत गरेका छन् । तत्काल छानबिन थालिएमा कम्तीमा त्यस्ता प्रमाण सङ्कलन गर्न सहज हुनेछ । ढिलो गर्दा प्रमाण लोप हुने अवस्था भयो भने त्यसको कलङ्क अहिलेको सरकारले बोक्नुपर्नेछ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# ज्येष्ठ नागरिक राष्ट्रका निधि



• कृष्णहरि बाँस्कोटा

विश्वमा हाल पाका मानिसहरूको जनसंख्या १३ प्रतिशत रहेको अनुमान छ । नेपालमा १० प्रतिशत जति छन् । तर भविष्यलाई नियाल्दा अबको २५ वर्षपछि विश्व जनसंख्यामा ज्येष्ठ नागरिकको अंश २१ प्रतिशत पुग्ने छ । नेपाल अबको ३० वर्षपछि एजेड सोसाइटीमा प्रवेश गर्ने छ । विश्वमा ज्येष्ठ नागरिकलाई नगद भत्ता, खाद्य सामग्री, पोषणयुक्त खाना, औषधी उपचार, आवास, धारा, बत्तीको शुल्क छुट, जीवन बिमा, दिवा सेवा केन्द्र, वृद्धाश्रमलगायतका अनेकौँ सुविधा प्रदान गर्ने मुलुकहरूको कमी छैन । हामीकहाँ दिइएको चार हजार भत्ता र केही स्थानीय तहले दिएका सामान्य सुविधाबाहेक ज्येष्ठ नागरिक अभावमा बाँच्न बाध्य छन् ।

कुल गार्हस्थ उत्पादनको इटालीमा १६ प्रतिशत, फ्रान्समा १४ प्रतिशत तथा भारतमा चार प्रतिशत बजेट सामाजिक सुरक्षामा छुट्याइन्छ । नेपालमा कुल गार्हस्थ उत्पादनको करिब दुई प्रतिशत बजेट विनियोजन भएको छ । हामीले स्कुल र कलेजको पाठ्य सामग्रीद्वारा बुढेसकालका आफन्तलाई गरिने सेवा र स्वयम् यो उमेर पुग्दा जिउने कला सिकाउन ढिला गर्नु हुँदैन । हालको सामाजिक संरचनालाई हेर्दा छोरा छोरीको कमाइमा आशा गर्नुपर्ने बुबाआमाका लागि ती सन्तानको मासिक कमाइको १० देखि २५ प्रतिशत अंश पाउने कानुन निर्माणमा हिचकिचाउनु हुँदैन । ज्येष्ठ नागरिकका परिवारलाई वृद्धावस्था व्यवस्थापन र स्याहार सुसारको तालिम प्रत्येक वडामा दिने प्रबन्ध गर्नु पर्छ । ज्येष्ठ नागरिकको सम्पत्तिमा उहाँहरूले नै आफूखुसी पाउनु पर्छ । ज्येष्ठ नागरिकसम्बन्धी स्रोत केन्द्रको स्थापना र प्रोफाइल तयार गरी उनीहरूको क्षमता राष्ट्रनिर्माणमा उपयोग गर्नु पर्छ । यसका लागि ज्येष्ठ नागरिकसम्बन्धी तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तय गर्नु पर्छ ।

ज्येष्ठ नागरिक मुलुकका निधि हुन् । यी देवतुल्य पुजिनयोग्य छन् । पाका उमेरको महत्व दर्साउने पङ्क्ति पढन सकिन्छ, ‘जब पुग्यो साठी, अनुभवपूर्ण साथी । जब पुग्यो सत्तरी, सिपमा बढोत्तरी । जब पुग्यो असी, जीवनमा हाँसीखुसी । जबपुग्यो नब्बे, मनोबल गजब्बे । जब पुग्यो सय, जीवन देवमय ।’ मैले कतै पढेको थिए, जापानमा ६०/८० वर्ष समूहलाई अत्यधिक उत्पादनशील उमेर मानिन्छ । ८० वर्षपछि मात्रै मान्छे वृद्धभत्ता खान योग्य हुन्छ । हामीकहाँ ज्येष्ठ नागरिकसम्बन्धी ऐनले ६० वर्ष माथिकालाई ज्येष्ठ नागरिक भनिन्छ । २०५१ सालमा ७५ वर्षलाई वृद्ध भत्ता दिइयो । यो क्रमशः घटेर ७० वर्ष र ६८ वर्षमा आयो । हाल ७० वर्षमा कायम गर्न सिफारिस भएको छ ।

हाल नेपालमा ६८ वर्ष माथिका ज्येष्ठ नागरिकलाई मासिक चार हजार रुपियाँ भत्ता प्रदान गरिएको छ । यसमा दोहोरो सुविधामा रोक लगाइएको छ । नब्बे वर्षमुनिका सबैलाई यस्तो भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । सबैको भत्ता बैङ्कबाट प्रदान गरिएको छ । बेवारिसे, विपन्न, बेसहारा खुला आकाशमुनि सडकमा वा वृद्धाश्रममा छन् । तिनको नागरिकता छैन । तिनले भत्ता पाएका छैनन् । विपन्न, अनपढ र दुर्गमस्थानमा बसेको कारण जन्म मितिमा गडबड भई भत्ता पाउनबाट वञ्चित छन् । यस सन्दर्भमा ज्येष्ठ नागरिकले भोग्नु परेका कठिनाइ अनगन्ती छन् । यिनको सम्बोधनमा विलम्ब गर्नु हुँदैन ।

नेपालको संविधानले सबै नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । यो नागरिकको मौलिक हक हो । यस्तो हकको प्रचलनका लागि ऐन जारी भएको छ । यस ऐनमा प्रत्येक नागरिकलाई रोजगारी प्रदान गरिने, सो नभएमा एक सय दिनको रोजगारीको प्रत्याभूति दिने, सो पनि नभए वर्षमा ५० दिनको रोजगारी बराबर क्षतिपूर्ति दिने व्यवस्था छ । यो एकप्रकारको बेरोजगार भत्ता नै हो । यसैसँग सम्बन्धित भई रोजगारीको न्यूनतम दर हाल मासिक १७ हजार पाँच सय तोकिएको छ । यही रकम बराबर विपन्न, असहाय र बेवारिसे ज्येष्ठ नागरिकले भत्तावापत पाउन सके तिनको जीवन केही हदमा सहज हुने थियो । यथार्थमा तिनलाई मासिक भत्ताभन्दा पनि अनिवार्य रूपमा आश्रममा राख्न सके उत्तम हुने थियो ।

हामी सबैले बुझेकै कुरा हो, उमेर बढ्दै गएपछि रोग थपिँदै जान्छ र उपचार खर्च बढ्छ । उमेर पाको हुँदै गएपछि एकल महिला वा पुरुष हुने सम्भावना आउँछ, जसले तनाव बढाउँछ र रोगले च्याप्छ । उमेर ढल्किँदै गएपछि हिँडडुल गर्न, दिशापिसाब गर्न नसकी ओछ्यान परिन्छ र सुसारे आवश्यक पर्छ । जसलाई तलब दिनु पर्छ । जति उमेर पाको भयो, परिवारमा उत्ति नै नयाँ जन्म थपिँदै जान्छ, यसले चाँडपर्वमा दक्षिणा दिनुपर्ने मानिसको संख्या बढाउँछ । हाम्रो धर्म संस्कृति अनुसार उमेर पाको हुँदै गएपछि विभिन्न पूजाआजा गर्नु पर्छ । यसका लागि पैसाको जरुरत पर्छ । यसरी पैसाको आवश्यकता बढ्दै जान्छ तर आफूले कमाउन सक्ने क्षमता क्षीण हुँदै जादा ज्येष्ठ नागरिक भत्ता वृद्धिको आशा गर्नु स्वाभाविकै हो । उसो त आफूले जवान रहँदा राष्ट्र, समाज र परिवारलाई पुऱ्याएको योगदानको कदरस्वरूप यस्तो भत्ता अधिकारकै विषय हो । साथै, जवान उमेरमा रोजगारी गर्दा तिरेको कर फिर्ता माग गरेको पनि हो । यो नागरिकप्रति राज्यको दायित्व पनि हो ।

यिनै प्रसङ्गमा ज्येष्ठ नागरिकलाई मासिक भत्ता उमेरका आधारमा बढी दिनुपर्ने मान्यता अघि सार्दै आएको छु । साथै, सबै मासिक तलब सुविधा पाउनेले वर्षमा एक पटक चाडपर्व खर्च पाउने गरेका छन् । यो सुविधा पनि ज्येष्ठ नागरिकलाई उपलब्ध गराउनु पर्छ । यसका लागि स्रोतको कुनै अभाव छैन । विगत २५ वर्षदेखि कसैको पनि दाबी नरहेको र कुनै कारोबार पनि नभएको बैङ्क र वित्तीय संस्था एवं बिमा कम्पनीमा रहेको बेवारिसे रकमलाई मात्रै ज्येष्ठ नागरिक कोष खडा गरी सारी दिने हो भने यो वृद्धि हुने खर्च स्वतः धानिने छ । यसको अलावा प्रचलित व्यवस्था अनुसारको सोसल कर्पोरेट रेस्पोन्सी विलिटीको रकम यस प्रयोजनमा उपयोग गरे पनि स्रोत पुग्ने देखिन्छ । यस्ता वैकल्पिक स्रोत अनगन्ती छन् । सर्वप्रथम, यो संवेदनशीलताको बुझाइ र इच्छाशक्तिको मात्रै खाँचोतर्फ सबैको ध्यान आकर्षित गर्न चाहन्छु ।

केन्द्रीय र प्रदेशस्तरीय अस्पतालमा ज्येष्ठ नागरिकको उपचारको विज्ञ चिकित्सकसहितको उपकरण, वार्ड र बेडको व्यवस्था गर्नु पर्छ । सय शैयामाथिका सबै अस्पतालमा जेरियार्टिक वार्ड खडा गर्नु पर्छ । ज्येष्ठ नागरिकलाई आवश्यक मल्टी भिटामिन र क्याल्सियम वितरण गर्नु पर्छ । ज्येष्ठ नागरिकलाई सङ्घीय र प्रदेश सरकारले सबै उपचारमा सरकारी र सामुदायिक अस्पतालमा निःशुल्क र निजी अस्पतालमा कम्तीमा ५० प्रतिशत छुटमा सेवा पाउने व्यवस्था गर्नु पर्छ । स्थानीय तहले पनि विविध सुविधाको अतिरिक्त निःशुल्क एम्बुलेन्स सेवा, प्रत्येक वर्ष रुघाखोकीविरुद्धको भ्याक्सिन, मल्टी भिटामिन, अपहेलनाविरुद्धको नियमित अनुगमन, ज्येष्ठ नागरिकको स्याहार गर्ने परिवारलाई सम्पत्ति कर, बहाल करमा छुट दिने प्रबन्ध गर्नु पर्छ ।

ज्येष्ठ नागरिकको हालको एक लाखको बिमालाई क्रमशः पाँच लाख र १० लाख तुल्याउनु पर्छ । आर्थिक रूपमा विपन्न, बेसहारा, बेवारिसे तथा विविध कारणले घरबारविहीनका लागि अनिवार्य रूपमा निःशुल्क वृद्धाश्रमको व्यवस्था गर्नु पर्छ । आमज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदानप्रदान, मनोरञ्जनलगायतका लागि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्नु पर्छ । ज्येष्ठ नागरिकलाई मनोरञ्जन एवं शारीरिक योगा तथा व्यायाम गर्नका लागि ज्येष्ठ नागरिक वाटिका/पार्कको स्थापना गर्नु पर्छ । एकीकृत आरोग्य आश्रम खोल्नु पर्छ । ज्येष्ठ नागरिक मिलन केन्द्र, ज्येष्ठ नागरिक चौतारो सञ्चालनमा ल्याउनु पर्छ । ज्येष्ठ नागरिक ग्राम निर्माण गर्नु पर्छ ।

कुनै ज्येष्ठ नागरिकले व्यवसाय वा स्वरोजगार गर्ने भए कम्तीमा पाँच लाखसम्मको सरल ब्याजदरको ऋण दिने गरी ज्येष्ठ नागरिक च्यालेन्ज फन्ड खडा गर्नु पर्छ । ज्येष्ठ नागरिकलाई प्राइम लोकेसनमा व्यवसाय गर्न अनुमति दिनु पर्छ । ज्येष्ठ नागरिकले व्यवसाय गर्न सक्ने गरी बैङ्क र बिमा कम्पनीसँग सहजीकरण गर्नु पर्छ । यससम्बन्धी हालको नीतिलाई ज्येष्ठ नागरिकमैत्री तुल्याउनु पर्छ । ज्येष्ठ नागरिकलाई कानुनले सार्वजनिक यातायातमा दिएको छुट सुविधालाई कार्यान्वयनमा ल्याउन सार्वजनिक यातायातका चालक र सहयोगीलाई तालिम दिनु पर्छ । सरकारका भौतिक संरचना ज्येष्ठ नागरिक मैत्री तुल्याइनु पर्छ । अन्तरपुस्ता ज्ञान र सिप हस्तान्तरणका लागि इच्छुक र योग्य ज्येष्ठ नागरिकलाई स्कुल र क्याम्पसमा कक्षा लिने र उचित पारिश्रमिक पाउने प्रबन्ध गर्नु पर्छ । कुनै ज्येष्ठ नागरिकले पिएचडी वा एमफिल गर्छु भनेमा छात्रवृत्ति दिने र उनीहरूले तयार गरेको पुस्तक मूल्याङ्कन समितिले उपयोगी ठहर गरेमा साझा प्रकाशन वा एकेडेमीले प्रकाशन गरिदिने प्रबन्ध हुनु पर्छ ।

ज्येष्ठ नागरिकलाई हवाईजहाजमा पनि विशेष छुटको प्रबन्ध गर्नु पर्छ । यसका लागि हालको छुट सुविधामा आधारभूत रूपमै सुधार गर्नु पर्छ । घडेरी प्लटिङ गरी बिक्री गर्ने र अपार्टमेन्ट बिक्री गर्नेले ज्येष्ठ नागरिकलाई क्रससब्सिडीमा सुविधा दिनु पर्छ । बैङ्कको निक्षेपमा ज्येष्ठ नागरिकलाई कम्तीमा एक प्रतिशत बढी ब्याज दिनु पर्छ ।

यसै गरी, ज्येष्ठ नागरिकमध्येबाट अनुकरणीय काम गर्नेलाई बर्सेनि प्रतिव्यक्ति १० लाखका दरले पुरस्कृत गर्नु पर्छ । ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारविरुद्ध आवश्यक कानुनी सल्लाह तथा परामर्श दिन सहजै पहुँचका हेल्पलाइन स्थापना गरी पीडकमाथि सजायमा कडाइ गरी ज्येष्ठ नागरिकको मर्यादित रूपमा बाँच्न पाउने हकको सुनिश्चितता गरिनु पर्छ । यसरी इतिहासको धरोहरका रूपमा रहेका ज्येष्ठ नागरिकलाई मुलुकले सम्मान गर्ने र केही सेवा सुविधा वृद्धि गर्ने कुरामा हामी सबै उदार मनका साथ प्रस्तुत हुनु पर्छ ।

# सामाजिक सद्भाव अपरिहार्य



• रघुराम पराजुली

मानिस सामाजिक प्राणी हो । नागरिक हुनका लागि नागरिक गुणले पूर्ण हुनु पर्छ । मानवीय क्रियाकलाप, प्रकृति र विविध घटनाक्रमद्वारा सिर्जित हुन्छ समाज । यही समाजका उपज मुलुकको शासन सत्तामा पुग्ने व्यक्ति हुन् । जस्तो सामाजिक परिवेशबाट दिक्षित तथा प्रशिक्षित हुन्छ, सोही अनुरूपका चरित्र नागरिकमा सिर्जना भएको हुन्छ । सुख शान्ति, अमन चयन तथा उन्नति अवनति तथा समृद्धि सबै नागरिक सचेतना र सामाजिक प्रतिविम्ब हुन् । जस्तै खराब अवस्था पनि नागरिकको समन्वय र सहकार्यबाट पार गर्न सकिन्छ भन्ने सन्देश विश्व समुदायलाई दिलाउने गरी मुलुक र नागरिकको हितमा काम गर्नुपर्ने हुन्छ ।

नेपालमा पछिल्लो समयमा विकसित घटनाक्रम निकै अकल्पित र दुःखदायी छन् । निहत्था युवाको मृत्यु भएको छ, धेरै मानिस घाइते भएका छन्, आगजनी, लुटपाट, तोडफोड र ध्वंसका धेरै घटना भएका छन् । जनधनको अपूरणीय क्षति भएको छ । अर्थतन्त्रको ढाडै भाँच्चिएको छ । यसै पनि चालु खर्चमा धान्न नसकेको अर्थतन्त्रमाथि खर्बौंको भार थोपरिएको छ । विकास निर्माणका आयोजना अलपत्र बन्ने अवस्थामा छन्, महँगी र बेथितिले नागरिक पिल्सिएका छन् ।

नेपाल र नेपालीजन मात्र होइन, बहुसंख्यक नागरिकको धन जलेको छ, तन जलेको छ । अझ बढी मनै जलेको छ । जेनजी आन्दोलनका माग यथार्थपरक, सहज र सरल नै थिए । मुख्यतः सामाजिक सञ्जाल बन्द गर्न नहुने, भ्रष्टाचार अन्त्य गरी मुलुकमा सुशासन कायम गर्नुपर्ने, सरकारी कामकारबाही पारदर्शी र सरलीकृत गरिनुपर्ने, नातावाद तथा कृपावाद अन्त्य गरिनुपर्ने जस्ता माग थिए । यी माग त जायज माग नै हुन् । मुलुक र नागरिकको हितका लागि गरिएका माग भएको अनुभूति जोकोहीले गर्न सक्छ तर मौकामा चौका हान्ने र स्वार्थ अनुरूप ध्वंस मच्चाउने समूह तथा व्यक्ति सङ्गठित भएर देशैभर उत्पात मच्चाएर जनधनको क्षति गराइएको छ । जेलमा बसेका कैदीलाई भगाउने, सुरक्षाकर्मीका पोस्ट तथा कार्यालयहरू जलाउने तथा तोडफोड पार्ने, हतियार लुट्ने मात्र होइन निजी घर तथा भवन तथा व्यावसायिक प्रतिष्ठानमा हमला तथा आगजनी गर्नेलगायतका कार्यहरू भए, जुन निकै खेदपूर्ण छ ।



बहत्तर जनाको मृत्यु भएको छ, सयौँ घाइते भएका छन् । हजारौँ सवारीसाधन तथा सयौँ सार्वजनिक भवनमा क्षति पुऱ्याइएको छ । सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति निवास, मन्त्री निवासलगायतका अत्यन्तै संवेदनशील क्षेत्रमा आक्रमण भएको छ । यसै गरी उपत्यकामा मात्र नभई देशैभर प्रदेश तथा स्थानीय तहका संरचनामा पनि आगजनी भएको छ । यसबाट नेपाल धर्ती र नेपाली मन निकै मर्माहत भएको छ । यसले सिर्जना गरेको क्षति खर्बौं भएको सामान्य आकलन गर्न सकिन्छ भने ज्यान गुमाएर, घाइते भएकाहरूको पीडाको कुनै मूल्य नै छैन । यस्तो परिस्थिति किन आयो ? यस्तो परिस्थितिको पूर्वआकलन किन गरिएन ? सिंहदरबार तथा राष्ट्रपति निवासमा आगजनी हुँदा पनि नियन्त्रण किन हुन सकेन भन्ने प्रश्न आमसर्वसाधारणमा उठेका छन् ।

मूल प्रश्न भनेको राजनीतिमा सत्तालिप्सा र पदलिप्साको जुन प्रवृत्ति देखिन्छ, त्यसले राजनीतिमा पुस्तान्तरण हुन सकेन र राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र संस्थागत हुन सकेन । असन्तुष्टि जसरी बढ्दै गयो र त्यसविरुद्ध जेनजी पुस्ता सडकमा आए । नेपालको समग्र अवस्था अत्यन्त तरल र अन्धकारमा पुऱ्याएको छ । समाजमा त्रास र अस्थिरता खडा गरेको छ । सच्चा नागरिकको मन रोएको छ, सरकारी तथा निजी सम्पत्तिलाई खरानी बनाइएको छ । तर भौतिक सम्पत्ति तथा पूर्वाधार त, जुन कुनै सरकार आए पनि आवश्यक हुन्छ, तिनीहरूलाई मास्नु हुँदैन ।

बेथिति चिर्ने र चिरकालसम्म सकारात्मकता दिलाउने भनेको शिक्षा हो । यस्तो शिक्षा पनि नागरिक शिक्षा हो । जबसम्म नागरिकमा सुझबुझ, संयमता, समझदारिता, सहिष्णुता र नागरिक कर्तव्यको बोध हुँदैन, तबसम्म हाम्रा हरेक संरचना विवेकी बन्दैनन् । राजनीतिक नेतृत्व, प्रशासनिक नेतृत्व वा व्यावसायिक नेतृत्व सचेत हुनु जरुरी छ । यी सबैलाई मलजल गर्ने भनेको नागरिक समाज हो । यस्तो विषम परिस्थितिमा पनि समस्यासँग जुध्नका लागि जिउधनको सुरक्षा, पारिवारिक सुरक्षा, छरछिमेक तथा टोलको सुरक्षाका लागि अनौपचारिक नागरिक निगरानी समूह बन्नुपर्ने हुन्छ । नयाँ बनेको सरकार अनि सरकारलाई के कसरी जीवन्तता दिन सकिन्छ भनेर सरसरहयोग तथा हातेमालो गरेर अगाडि बढ्नुको विकल्प फेरि पनि छैन । हामीले कर्म गर्नु पर्छ, इमानदार बन्नु पर्छ । नकारात्मक सोच तथा विचार, गालीगलौज तथा टीकाटिप्पणीभन्दा पनि सकारात्मक सोच, विचार र रचनात्मक सहयोगमा तल्लीन रहनु पर्छ । अनि मात्र यो विकराल भुमरीबाट पार लाग्न सकिन्छ । फेरि पनि सुधारको विकल्प सुधार नै भन्ने गरिन्छ । तसर्थ व्यक्ति व्यक्ति, संस्था संस्था, दल दल र सबै समूह तथा पक्षमा सकारात्मक रूपान्तरणको खाँचो छ ।

हाम्रासामु ठडिएको समस्यामा सबैको सुझबुझ र समन्वय तथा सहकार्यको खाँचो छ । निःस्वार्थ भाव, राष्ट्रप्रेम र सहयोग सबै नेपालीबाट मुलुकले मागिरहेको छ । वेदनालाई शक्तिमा बदलेर अगाडि बढ्नु र इमानदार बन्नु आजको अपरिहार्यता हो ।

यसबाट नै विवेकी नागरिकको परीक्षण मुलुकले पाउने छ । उद्यमी, व्यवसायी, पेसाकर्मी, सुरक्षाकर्मी, कर्मचारी तथा राजनीतिक दल तथा कार्यकर्ता सबैले हामीले झेल्नु परेको पीडाबाट मुक्त हुँदै अझ अगाडि बढ्नका लागि उच्च मनोबल लिनु जरुरी छ तर फेरि पनि यस्ता खालका आन्दोलन, जसले भयानक क्षति निम्त्याएको छ, अरू नहोऊन् । सामाजिक सद्भाव कायम होस्, शान्ति कायम होस्, स्वदेशमा श्रम गर्ने वातावरण सिर्जना होस्, युवा पलायनमा कमी आओस् र सुशासन कायम होस् । अनि फेरि कसैले आन्दोलन गर्ने अवस्था नआओस् भन्नेमा सचेत हुनै पर्छ । यसका लागि सामाजिक, नैतिक तथा नागरिक जागरण आवश्यकता पर्छ । यो सबैको मूल भनेको नागरिक शिक्षा नै हो ।

# आयोजना कटौती गरी एक खर्ब स्रोत जुटाउन सकिन्छ : अर्थमन्त्री खनाल



झापा(प्रस) । नवनियुक्त अर्थमन्त्री डा. रामेश्वर खनालले राजनीतिक दबाबमा बजेटमा परेका, तयारी नभएका र टुक्रे आयोजना कटौती गर्ने हो भने करिब एक खर्ब स्रोत जुटाउन सकिने बताएका छन् ।

सोमवार मन्त्रालयमा पदभार ग्रहणपछि कर्मचारीहरूलाई निर्देशन दिँदै उनले छ महिनाभित्र निर्वाचन गर्नुपर्ने अवस्था, पुनःनिर्माणलगायतका कामका लागि बजेटमा परेका आयोजना फिल्टर तथा कार्यक्रम कटौती गरी स्रोत जुटाइने बताए । बजेटमा भएका कार्यक्रम कटौतीका लागि बजेट महाशाखा प्रमुखको संयोजकत्वमा तीन सदस्यीय कार्यदल समेत गठन गर्ने भएको छ । उक्त कार्यदलले बजेटका आयोजनालाई फिल्टर गरी प्राथमिकीकरण गर्ने छ ।

उनले जेनजी प्रदर्शनका कारण सिंहदरबारमा ठुलो क्षति पुगेको उल्लेख गर्दै चाँडो भग्नावशेष हटाइ भित्तामा रङरोगन गरिने बताए । "कालो लागेको भित्ता रङरोगन गरौं । हामी विनासबाट उठ्यौँ है भनेर अर्थ मन्त्रालयबाटै सन्देश दिन जरुरी छ, धेरै सार्वजनिक सम्पत्तिको बिमा भएको छैन", उनले भने, "निजी सवारीमा भएको क्षतिको दायित्व बिमाबाट पूर्ति हुने छ, यो कामचलाउ सरकार हो, नयाँ सवारी साधन खरिद नगरौँ, कबाडी भएको बिक्री गरौँ, पुनःनिर्माण तत्कालै सुरु गरी हामी केही महिनाभित्रै उठ्यौ भन्ने सन्देश दिन जरुरी छ ।"

युवाले आफ्नो ज्यानको आहुती दिएर मुलुकको प्रमुख समस्यालाई निमिट्यान्न पारेको उल्लेख गर्दै उनले भने, "यो जिम्मेवारी युवा आफैले पनि लिन सक्थे, तर उनिहरूले हामीलाई विश्वासका साथ जिम्मेवारी दिएका छन्, गल्ती गर्ने कुनै पनि गुञ्जायस नराखी काम गर्ने छौँ ।"

उनले विगतमा के गरेका थियौँ भन्ने बिर्सिन पनि कर्मचारीलाई आग्रह गरे । "विगतमा गल्ती गरेको भए सजाय हुन्छ, स्रोतको दुरुपयोग नगर्नुहोला, सार्वजनिक सम्पत्ति व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्न म निर्देशन दिन्छु", उनले भने ।

उनले निजी क्षेत्रमाथि आक्रमण भएको स्मरण गर्दै निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्न आवश्यक भएको बताए । "हाम्रो सम्पर्क निजी क्षेत्रसँग छ, निजी क्षेत्रबाट पनि सुझाव लिनुपर्छ, राजस्व प्राप्तिका लागि निजी क्षेत्रलाई खुसी बनाउनुपर्ने आवश्यकता छ, राजस्व असुलीमा धेरै क्रुर र दबाब दिने अवस्था बनाउन हुँदैन । सेवामा सुधार गर्दै जाने हो भने राजस्व आफै बढ्छ", उनले भने ।

अर्थमन्त्री खनालले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझाव र सिफारिस कार्यान्वयन गरिने पनि बताए । आफूले सार्वजनिक खर्च व्यवस्थापनका लागि प्राथमिकता राख्ने बताए ।

# लुटिएका सामान फिर्ता गर्न संसद् सचिवालयको आग्रह

झापा(प्रस) ।संघीय संसद् सचिवालयले यही भदौ २४ गते भएको जेनजी युवाहरुको प्रदर्शनका क्रममा संसद् भवनबाट लुटिएका मालसामान फिर्ता गर्न आग्रह गरेको छ ।

सोमबार संघीय संसद् सचिवालयको आन्तरिक सेवा तथा योजना शाखाले सूचना निकालेर प्रिन्टर, स्क्यानर, क्यामेरा, टेलिभिजन, मोनिटर, माइक, स्पिकर, फोटोकपी मेसिन, विद्युतीय उपकरणलगायतका मालसामानहरू अनधिकृत व्यक्तिले लगेको भन्ने बुझिएकाले सो मालसामान फिर्ता गर्न आग्रह गरेको हो ।

यस्ता मालसामान रहेको स्थान वा व्यक्तिबारे जानकारी भएमा संघीय संसद् सचिवालयमा सूचना दिन अनुरोध गरिएको योजना शाखाका उपसचिव अधिराज राईद्वारा जारी सूचनामा उल्लेख छ ।

यसैगरी, मालसामानहरू लगेको भिडियो भएमा उपलब्ध गराउन पनि अनुरोध गरिएको छ । भिडियो/सूचना दिने व्यक्तिको परिचय गोप्य राखिने संसद् सचिवालयले जनाएको छ ।

यही भदौ २४ गते जेनजीको प्रदर्शनका क्रममा नयाँ बानेश्वरस्थित संसद् भवन र भवन परिसरमा रहेका सवारी साधनमाथि तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

### सहरी विकासमन्त्री घिसिङको पहिलो निर्णय

# भौतिक क्षति मूल्याङ्कन र पुनर्निर्माण कार्ययोजना एक साताभित्र



झापा(प्रस) ।सहरी विकासमन्त्री कुलमान घिसिङले पदभार ग्रहणसँगै आफ्नो पहिलो निर्णयमार्फत जेनजी आन्दोलनका क्रममा सरकारी संरचनामा पुगेको क्षतिको मूल्याङ्कन र पुनर्निर्माण कार्ययोजना एक साताभित्र तयार गर्न निर्देशन दिएका छन्।

पदभार ग्रहण कार्यक्रमपछि मन्त्रालयमा सचिव गोपाल सिग्देलले स्वागत गर्दै ब्रिफिङ गरेका थिए। सो क्रममा मन्त्री घिसिङले आन्दोलनका क्रममा भौतिक संरचना, सवारीसाधन, फर्निचर, कागजात र अन्य सम्पत्ति क्षति भएकाले त्यसको ड्यामेज एसेसमेन्ट (क्षति मूल्याङ्कन) तत्काल सुरु गर्न निर्देशन दिए।

उनले विशेषज्ञ टोली परिचालन गरी तीन दिनभित्र क्षति विवरण सङ्कलन गर्ने र त्यसलाई आधार मानेर एक हप्ताभित्र पुनर्निर्माण तथा पुनर्स्थापना कार्ययोजना तयार गरी मन्त्रिपरिषद् मा स्वीकृतका लागि पेस गर्ने बताए।

घिसिङले भने, 'राज्यले आफ्नो तर्फबाट योगदान त गर्छ नै, तर हाम्रो स्रोत-सामर्थ्य सीमित छ। त्यसैले देशभित्र र विदेशमा रहेका नेपाली स्वयंसेवक तथा सहयोगी समुदायबाट समेत योगदान सङ्कलन गर्न सकिने सम्भावना गहिरो छ। आवश्यक परे क्राउड फन्डिङ मार्फत आर्थिक स्रोत जुटाइनेछ, र सङ्कलित रकम विशुद्ध रूपमा सरकारी संरचनाको पुनर्निर्माणमा खर्च गरिनेछ।'

यसका लागि मन्त्रालयले दुई वटा फाइल तयार गरेको छ । पहिलो, क्षति मूल्याङ्कन र कार्ययोजना स्वीकृति प्रक्रिया अघि बढाउने र दोस्रो, पुनर्निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउने प्रणाली कार्यान्वयन गर्ने रहेका छन् ।

# नवनियुक्त तीन मन्त्रीले लिए शपथ



झापा(प्रस) । नवनियुक्त तीन मन्त्रीले सोमबार शीतल निवासमा आयोजित समारोहमा पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ र गृहका साथै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्याललाई शपथ गराएका हुन् ।

पूर्वसचिव समेत रहेका खनालले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने मौका पाएका हुन् । त्यस्तै, नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक घिसिङलाई भौतिक योजना तथा यातायात र सहरी विकास मन्त्रालयको पनि जिम्मेवारी दिइएको छ ।

अधिवक्ता र जेनजी आन्दोलनका सहजकर्ता रहेका अर्यालले भने गृह र कानुन मन्त्रालय सम्हाल्ने अवसर पाएका हुन् ।

शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलगायत नेपाल सरकारका विशिष्ट अधिकारीहरूको उपस्थिति रहेको थियो ।

# विराटनगरको भाटभटेनीमा जलेको मानव कंकाल फेला

झापा(प्रस) ।जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको विराटनगर महानगरपालिका-६ स्थित भाटभटेनी सुपरमार्केटमा जलेको अवस्थामा सोमबार दिउँसो मानव कंकाल फेला परेको छ।

मोरङ प्रहरी प्रमुख एसपी



नारायणप्रसाद चिमरियाका अनुसार दिउँसो २ः३० बजेतिर मार्केटको दोस्रो तलामा पूर्ण रूपमा जलेर नचिनिने अवस्थामा हड्डीहरु भेटिएको हो। 'पूरै शरीर नभएर जलेका हड्डी मात्र भेटिएको हो,' उनले भने। कंकाल पुरुष वा महिला कसको हो भनेर छुट्ट्याउन नसकिएको उनले बताए। भाटभटेनीमा जेनजी आन्दोलनका नाममा अराजक समूहले आगजनी गर्दै तोडफोड र लुटपाट गरेको थियो। आगलागीका बेला चोरीको प्रयासमा गएका व्यक्तिको जलेर मृत्यु भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। मार्केटको सरसफाइ गर्ने क्रममा कर्मचारीहरूले कंकालहरू फेला पारेर प्रहरीलाई खबर गरेका हुन्।

घटनास्थलमा पुगेर एसपी चिमरिया नेतृत्वको टोलीले अनुसन्धान सुरु गरेको छ। फेला परेको कंकाल कोशी अस्पतालमा परीक्षणका लागि लगिएको प्रहरीले जनाएको छ। कंकालको पहिचानको प्रयास भइरहेको र अनुसन्धानपछि मात्रै घटनाको वास्तविकता पत्ता लाग्ने एसपी चिमरियाले बताए।

# सांसद विष्टले खोले भारतीय नाकामा आवजावत

मेचीनगर(प्रस) । नेपालमा दुई दिनसम्म चलेको जेनजी आन्दोलनका क्रममा अवरुद्ध भारततर्फको सीमानाका सोमबार साँझबाट नियमित सञ्चालनमा आएको छ ।

२३–२४ भदौमा भएको जेनजी आन्दोलनलाई मध्यनजर गरेर सुदूर पूर्वको नेपालसँग सीमा जोडिएको भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज पानीट्याँकी नाका भारतले एकलौटी बन्द गरेको थियो । भारतीय पक्षले यो नाका भएर नेपालीलाई भारत जान रोकेको थियो । भारतीय जनता पार्टीका प्रवक्तासमेत रहेका पश्चिम बंगाल दार्जिलिङ जिल्लाबाट लोकसभाका सांसद राजु विष्टसहितको टोलीले सोमवार पानीट्याँकीस्थित सीमा सुरक्षा बल (एसएसवी) विओपीका उच्च अधिकारीहरुसँग नाकाका विषयमा कुराकानी गरेका थिए । भारतबाट नेपाल प्रवेश गर्ने पानीट्याँकी नक्सलवारी सबैभन्दा बढी मुख्य प्रवेशद्वार रहेको भन्दैं सांसद विष्टले मानिस आवतजावत गर्न होस् वा अन्य व्यापारका लागि सबैभन्दा महत्वपूर्ण प्रवेशद्वार रहेको बताए । 'नौ दिनअघि जुन घटना नेपालमा भयो त्यसवेलादेखि यहाँको व्यापार चलायमान नभएको, मानिस आउने जाने क्रम रोकिएको थियो,'सांसद विष्टले भने,'लगातार प्रयास गर्ने सीमा सुरक्षा बल(एसएसवी), स्थानीय प्रहरी प्रशासनलाई धन्यवाद व्यक्त गर्दछु । अझ बढी निगरानी गर्नुहोला ।' कुनै पनि प्रकारका आपराधिक घटना यस क्षेत्रमा हुन नदिनका लागि सुरक्षाकर्मीलाई चनाखो बन्न उनले निर्देशन दिए । आज आफू स्वयम् र सीमा सुरक्षा बल(एसएसवी) का आइजीपी, भन्सारलगायत सरोकार पक्ष सवैजनासँग निक्कै लामो छलफल भएपश्चात् दुवैतर्फ व्यापार वाणिज्यलाई चलायमान र मानिसहरुलाई आवतजावत शुरु गरिदिएको सांसद विष्टले बताए । नौ दिनदेखि दुवैतर्फ मालवाहक सवारी साधन रोकिएका थिए । सोमबार साँझबाट भारततर्फले गेट खोलिदिएको स्पष्ट पारे ।



तर, शतप्रतिशत वा सामान्य रुपमा फर्किन अरु एक दुई दिन लाग्ने विष्टले बताए । तर, अहिलेलाई भने सीमा सुरक्षा बल(एसएसवी) भन्सारका कारण कुनै रोकावट नभएको उनको भनाई थियो । अब दुवै देशका नागरिक , मालवाहक सवारी साधन आवतजावत र व्यापार व्यवसायमा कुनै समस्या नहुने र भारततर्फको नाका खुलेको घोषणा गरे ।

# पुनः निर्माणमा निःशुल्क प्राविधिक सहयोग गरिने

झापा(प्रस) । देशभरका इन्जिनियर हरुको छाता संस्था नेपाल इन्जिनियर्स एसोसिएसनले क्षतिग्रस्त भौतिक संरचनाको क्षतिको मूल्याङ्कन र पुनः निर्माणका लागि निःशुल्क प्राविधिक सहयोग गर्ने भएको छ ।

एसोसिएसनका महासचिव विनोदप्रकाश पण्डितले एक विज्ञप्ति जारी गरी जेनजी आन्दोलनका क्रममा देशभर भत्केका भौतिक संरचनाको मूल्याङ्कन र पुनः निर्माण गर्न निःशुल्क प्राविधिक सहयोग गरिने जानकारी दिए ।

"विसं १९९० र २०७२ मा गएको भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनालाई नेपाली प्राविधिक जनशक्तिको परिश्रम, मेहनत, विज्ञता र दक्षताबाट पुनः निर्माण गर्न ठुलो योगदान रहेको र आगामी दिनमा यसलाई निरन्तरता दिन चाहेको छ", विज्ञप्तिमा उल्लेख छ ।

एसोसिएसनले विद्यमान जटिल र कठिन परिस्थितिमा सर्वोच्च अदालत, काठमाडौँ जिल्ला अदालत र नेपाल बार एसोसिएसनको भवनको सोमवार प्रारम्भिक निरीक्षण गरी मूल्याङ्कन सुरु गरेको एसोसिएसनका अध्यक्ष सुवासचन्द्र बरालले जानकारी दिए ।

उक्त अभियानमा क्षतिग्रस्त भौतिक संरचनाको तत्काल अवलोकन, जोखिम मूल्याङ्कन, प्रयोग योग्यता जाँच वैकल्पिक व्यवस्थापन तथा पुनः निर्माणको सम्भाव्यता अध्ययन एवं मूल्याङ्कन हुने अध्यक्ष बरालले बताए । उनले उक्त अभियानमा जोडिन सम्पूर्ण इन्जिनियरलाई आग्रहसमेत गरेका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ